नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी धादिङ

## बजेट बक्तब्य

## आ. ब. २०७९/०८०

प्रस्तुतकर्ता

दिपक विश्वकर्मा (नगर उप-प्रमुख)

मितिः २०७९/०३/०७

# नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको प्रथम अधिवेशनमा उप प्रमुख श्री दिपक विश्वकर्माबाट प्रस्तुत आ. व. २०७९/०८० को वजेट तथा कार्यक्रम

मिति २०७९/०३/०७ मंगलवार

श्री नगर सभाका अध्यक्षज्यू एवंम् नगरप्रमुखज्यू

नगरसभाका सदस्यज्युहरु

प्रमुख प्रशासकीय अधिकृतज्यू एवं कर्मचारी मित्रहरु

आज हामीहरु नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको पहिलो अधिवेशनमा उपस्थित भएका छौं । आजको यस गरिमामय सभामा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु । यस महत्वपुर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनका लागि जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलन, जातीय एवं लैङ्गिक समानताको आन्दोलन लगायत सम्पूर्ण संघर्षको क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु। राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण घाइतेहरुको स्वास्थ्य लाभकोकामना गर्दछु, साथै वेपता एवं पीडित परिवार र व्यक्तिहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने अग्रज नेतृत्व प्रति हार्दिक नमन व्यक्त गर्दछु ।पहिलो नगर सभाका पदाधिकारीहरुबाट प्राप्त अनुभव तथा ज्ञान हस्तान्तरण तथा मार्गदर्शनका लागि आभार व्यक्त गर्दछु ।निर्वाचन पछिको पहिलो अधिवेसन सम्पन्न गर्न राय सुझाव सहित सहयोग गर्नु हुने जनप्रतिनिधि तथा कर्मचारीहरु सबै सरोकारवालाहरुमा हार्दिक धन्यवाद सहित आगामी दिनमा पूर्णरुपमा सहयोग निरन्तरताको अपेक्षा गर्दछु ।

संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त ,संघीय आर्थिक नीति, प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य तथा नगरवासीको माग,र आवश्यकतामा आधारित एकिकृत तथा आवधिक नगर विकास योजना, विषयगत क्षेत्र ,विज्ञ तथा सरोकारवाला संस्थाहरुको सुझाव, वर्तमान परिस्थितिको मुल्याङ्कन र उपलब्ध सिमित साधन श्रोतको आधारमा व्यवस्थासंगै नागरिकको अवस्था बदल्न यो बजेट तयार पारिएको छ । जनचाहनालाई संवोधन गर्ने क्रममा सिमित बजेटबाट असिमित मागहरु सम्वोधन गर्नु अवस्य पनि सहज विषय छैन तथापी नगरपालिकाको वर्तमान आवश्यकता र दीर्घकालिन सोचका साथ भरसक ठुला, दिगो विकासमा टेवा पुग्ने र नगरवासीहरुको जीवन स्तरमा प्रत्यक्ष सरोकार राख्ने प्रकृतिका योजनाहरु एवं रोजगारी सृजना गर्नसक्ने योजनाहरुलाई प्राथमिकतामा राखी वजेट विनियोजन गर्ने प्रयास गरेको छु ।

सभाध्यक्ष ज्यू

आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले निम्न दस्तावेजहरुलाई आधारको रुपमा लिएको छु ।

१ नेपालको सविधान

२ स्थानीय सरकार संचालन ऐन २०७४

३ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४

४ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४

५ संघीय र प्रदेश सरकारले जारी गरेको नीति कानुन र मापदण्डहरु

६ संघीय सरकार, प्रदेश सरकार तथा नीलकण्ठ नगरपालिकको आवधिक विकास योजनाहरु

७ नगरपालिकाको आन्तरिक श्रोत साधन

८ टोल वस्ती, वडा कार्यालय तथा विषयगत समितिहरुबाट प्राथमिकता निर्धारण भै आएका योजना तथा कार्यक्रमहरु

९ नगरपालिका द्वारा आयोजित अन्तरक्रिया छलफलबाट प्राप्त सुझावहरु

१० संघ र प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक नीतिहरु

११ विभिन्न साझेदार संस्थाहरुसँग भएका सहकार्यको प्रतिवद्धता आदि ।

१२ संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण सम्वन्धि मार्गदर्शन ।

"समृद्ध नीलकण्ठ नगरको आधार ! कृषि, पर्यटन, उद्यमशीलता सहितको पुर्वाधार" मुल नारा सहित आर्थिक वृद्धि सामाजिक न्याय सुशासनको प्रत्याभुति विकासमा दिगोपन लगायतका क्षेत्रमा रहेको थुप्रै चुनौतिहरु सम्वोधन गर्ने क्रममा प्राप्त मार्गदर्शनहरुलाई संघीय र प्रदेश सरकारका कार्यक्रमसँग समन्वय गरी साझेदार संस्थाहरुसँगको सहकार्यलाई समेत अगाडी बढाउने गरी बजेट तयार गरेको छु ।

सभाध्यक्ष ज्यू

अव म आगामी आर्थिक वर्षको वजेटको उद्धेश्य प्राथमिकता तथा आयव्ययको विवरण प्रस्तुत गर्न चाहान्छु ।

**उद्धेश्य**

- एकिकृत नगर विकास योजना वमोजिम भौतिक पूर्वाधारको विकास गर्ने ।
- दिगो विकासका लक्ष्यहरु पूरा गर्ने ।
- शिक्षा स्वास्थ्य तथा सामाजिक कल्याणमा नगरपालिकाको भूमिका वढाउने ।
- प्रभावकारी सेवा मार्फत सुशासन र मितव्ययितामा आधारित नगरपालिका निर्माण गर्ने ।
- मौलिक हकको रुपमा रहेको न्युनतम आधारभुत आवश्यकताहरुको परिपुर्ति गर्ने ।
- रोजगारी सिर्जना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- उपलव्ध श्रोत र साधनको उच्चतम प्रयोग गर्दै सन्तुलित र न्यायोचित वितरण गर्ने ।

**प्राथमिकता**

- नागरिकको जिवन रक्षात्मक कार्यहरुमा जोड दिने ।
- बालमैत्री नगर निर्माण गर्ने ।
- कृषिमा व्यावसायीकरण, औधोगिकिकरण गर्न सरकारी, सहकारी र नीजि क्षेत्रको सहकार्यमा जोड दिने ।
- आन्तरिक पर्यटकको आर्कषक गन्तव्य वनाउनुका साथै स्थानीय उत्पादनको प्रयोग तथा अर्गानिक उत्पादनमा जोड दिने ।
- शिक्षा, स्वास्थ्य, स्वच्छ वातावरण जस्ता क्षेत्रमा नगरवासीको सरल पहुँच पु-याउने ।
- दीगो र वातावरण मैत्री सडक स्तरोन्नतीको कार्य सम्पन्न गर्ने ।
- उद्यमसीलताको अभिवृद्धि गरी स्वरोजगार सृजना तथा उपलव्ध श्रोत र साधनको उच्चतम प्रयोग गरी रोजगारी र उत्पादनमा वृद्धि गरी आर्थिक विकास गर्ने ।

**सभाध्यक्ष ज्यू**

अव म चालु आ.व.को हाल सम्मको प्रगति विवरण पेश गर्दछु ।

चालु आ.व. २०७८/७९ को मिति २०७९/०३/०६ गते सम्मको वजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ ।

| बजेट | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ७२ करोड ४७ लाख ८२ हजार ६सय ६४ | ४२ करोड ७४ लाख ५४ हजार ४१८ | ५८.९८ |
| पुँजिगत | ४५ करोड ५८ लाख ९८ हजार ७ सय ६३ | १७ करोड ५३ लाख १ हजार १८ | ३८.४५ |
| जम्मा | १ अर्व १८ करोड ०६ लाख ८१ हजार ४ सय २७ | ६० करोड २७ लाख ५५ हजार ४ सय ३६ | ५१.०५ |

**चालु आ.व. २०७८।०७९ को हाल सम्मको आन्तरिक आय तथा राजश्व बाँडफाँडको प्रगति यस प्रकार रहेको छ ।**

| विवरण | ०७८/७९ को कूल अनुमानित आय | हालसम्मको यथार्थ आम्दानी | प्रगति (%) |
|---|---|---|---|
| आन्तरिक आय | ३ करोड | १ करोड ९४ लाख १५ हजार | ६४.७१ |
| राजश्व बाँडफाँड | १८ करोड ४१ लाख १८ हजार ५ सय २५ | १९ करोड ६५ लाख ९९ हजार | १०६.७८ |
| कूल जम्मा | २१ करोड ४१ लाख १८ हजार ५ सय २५ | २१करोड ६० लाख १४ हजार | १००.८८ |

अव म चालू आर्थिक वर्षको वजेटको समीक्षा र संशोधित अनुमान पेश गर्दछु ।चालू आ. व. २०७८/०७९ मा कुल वजेट रु एक अरब अठार करोड छ लाख चार सय सत्ताइस रुपैयाँ एकतीस पैसा विनियोजन गरिएकोमा चालू तर्फको रु बहत्तर करोड सत्चालिस लाख बयासी हजार छ सय चौसट्टी विनियोजन मध्ये बैसट्ठी करोड असी लाख सत्र हजार खर्च हुने अनुमान गरेको छु । जुन कुल चालु वजेटको ८६.६४ प्रतिशत हो । यसै गरी पूजिगत तर्फ रु पैतालिस करोड अन्ठाउन्न लाख अन्ठानब्बे हजार अठार रुपैयाँ एकतीस पैसा विनियोजन गरिएकोमा रु ३३ करोड १५ लाख ५३ हजार खर्च हुने अनुमान गरेको छु जुन कुल पूजिंगत वजेटको ७२.७२ प्रतिशत हुन आँउछ ।समग्रमा आ.व. २०७८/०७९ मा कुल बजेटको ८१.२७ प्रतिशत बजेट खर्च हुने अनुमान गरेको छु ।चालु आ. व. ०७८ ०७९ मा विनियोजित वजेट मध्ये खर्च नभई मौज्दात रहने रकम रु १२ करोड लाई आगामी आ.व. को श्रोत अनुमानमा समावेश गरेको छु । राजश्व परामर्श समितिको सिफारीस, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको सिफारिस र वजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसको आधारमा आगामी आर्थिक वर्ष ०७९ ०८० को लागि आय र व्ययको अनुमान प्रस्तुत गरेको छु ।

**आ.व.२०७९/०८० का लागि आय तर्फ निम्नानुसार श्रोत अनुमान गरेको छु ।**

| |
|---|
| बजेट : आ.व.२०७९/०८० |

| आय | बजेट | अक्षरुपी |
|---|---|---|
| वित्तिय समानिकरण - संघ | २४,८८,००,००० | २४ करोड अठासी लाख |
| वित्तिय समानिकरण - प्रदेश | २,५७,५९,००० | दुई करोड सन्ताउन्न लाख उनन्साठी हजार |
| सशर्त - संघ | ४३,००,००,००० | त्रिचालीस करोड |
| सशर्त - प्रदेश | ४,३७,३०,००० | चार करोड सैतिस लाख तीस हजार |
| आन्तरिक आय | ६,००,००,००० | छ करोड |
| आन्तरिक आय - मौज्दात | १२,००,००,००० | बाह करोड |
| राजश्व बाँडफाँड- संघ | १४,३२,७८,००० | चौध करोड बत्तिस लाख अठहत्तर हजार |
| राजश्व बाँडफाँड- प्रदेश | ६,०६,८४,००० | छ करोड छ लाख चौरासी हजार |
| बिशेष अनुदान संघ | १,२०,००,००० | एक करोड बीस लाख |
| बिशेष अनुदान प्रदेश | ७५,००,००० | पचहत्तर लाख |
| समपुरक अनुदान संघ | १,७०,००,००० | एक करोड सत्तरी लाख |
| समपुरक अनुदान प्रदेश | २,९८,७२,००० | दुइ करोड अन्टानब्बे लाख बहत्तर हजार |
| मालपोत | ३,००,००,००० | तीन करोड |
| विभाज्य कोष दहत्तर बहत्तर/मनोरञ्जन कर/विज्ञापन कर | ५,००,००० | पाँच लाख |
| जम्मा | १,२२,९१,२३,००० | एक अरब बाइस करोड एकानब्बे लाख तेइस हजार |

अब म आर्थिक वर्ष २०७९/०८० को कुल बजेट रु एक अरब बाइस करोड एकानब्बे लाख तेइस हजार मात्रको श्रोत अनुमानबाट चालु र पुँजिगत क्षेत्रगत खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु । आगामी आ.व. २०७९/०८० मा चालु खर्च तर्फ रु ७६ करोड ७९ लाख ६ हजार तथा पुँजिगत खर्च तर्फ रु ४६ करोड १२ लाख १७ हजार विनियोजन गरेको छु ।

सभाका अध्यक्ष ज्यू

अब म क्षेत्रगत रुपमा बजेटको विनियोजन प्रस्तुत गर्दछु ।

**आर्थिक विकास**

**आर्थिक विकास अन्तरगत रु ८ करोड २६ लाख विनियोजन गरेको छु जसको क्षेत्रगत विनियोजन तपशील अनुसार रहेको छ ।**

**कृषि तथा पशु**

- **"कृषिमा सीप, प्रविधि र पुँजि सहितको आत्म निर्भर ! किसानका लागि स्थानीय सरकार !!"**
  जनताको जीवनस्तरलाई माथि उकास्ने यस नीलकण्ठ नगरवासीहरुलाइ कृषि क्षेत्रमा प्रवर्धन गर्ने नीतिलाई प्रमुख मुद्दाको रुपमा अगाडि बढाएको छ।कृषि, कृपिलाई यंत्रीकरण तथा पशुपंक्षी विकास सहित उत्पादनमा आधारित अनुदान सहितका कार्यक्रमका लागि रु ५ करोड २९ लाख विनियोजन गरेको छु।
- **"एक वडा एक उत्पादन, उत्पादनमा आधारित अनुदान"** नीलकण्ठ नगरपालिकाको लक्ष्यलाई पुरा गर्न प्रत्येक वडामा कृषि जन्य तथा दुग्ध जन्य उत्पादनको प्रवर्धनको कार्यक्रम ल्याइने छ।उन्नत विउको प्रवर्धन गर्न विउ उत्पादक कृषकलाई अनुदानको व्यवस्था मिलाएको छु। उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि बजेट व्यवस्थापन गरेको छु। कृषिको पकेट क्षेत्र निर्माण गर्न बिरुवा तथा मल ढुवानीमा लागत साझेदारी अनुदान वितरण गर्ने योजना अनुरुपको आवश्यक बजेट विनियोजन गरेको छु। प्राङ्गारिक खेती प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- कृषि व्यवसाय प्रवर्धन गर्न डेरी मार्ट तथा कृषि उपज संकलन केन्द्र निर्माणको व्यवस्था मिलाएको छु । पशु सेवा शाखाबाट प्रत्येक वडामा मासिक रुपमा सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु। आगामी आ.व. देखि नगरका हरेक वडाबाट भेटेनरी सेवा प्रदान गर्न एक वडा एक भेटेनरी प्राविधिक राखि नगर केन्द्रमा रहेका भेटनरी डाक्टर समेतको संलग्नतामा नमुना टेली भेटनरी सेवा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। विगतका वर्षहरुमा नगरपालिकाबाट पशुबीमा कार्यक्रमका लागि किसानहरुलाई किसानहरुलाई दिदै आएको सहुलियत यसवर्ष पनि निरन्तरता दिएको छु ।

**उद्योग वाणिज्य**

- उद्योग वाणिज्य क्षेत्रको प्रवर्धनात्मक कार्यक्रम संचालन गरिने छ जसका लागि रु १७ लाख विनियोजन गरेको छु ।समग्र उद्योग तथा लघु विकासका लागि १ करोड ४७ लाख विनियोजन भएको छ ।औधोगिक ग्राम निर्माण कार्यक्रमलाई निरन्तरता दिएको छु।
- गरिवि निवारणका लागि लघु उद्यम परियोजना (मेड्पा), मेयर उद्यमशीलता कार्यक्रम , नव उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन एवं सेवालाई केन्द्रित गर्न उद्योग शाखा स्थापना गरिने छ ।

- स्थानीय स्रोत साधन एवं सिपको उपयोग गरी लघु उद्यम एवं रोजगारी सिर्जना गर्न गत आ. व. देखि नै मेयर उद्यमशीलता कार्यक्रम सञ्चालन भइरहेकोमा उक्त कार्यक्रम मार्फत स्व-रोजगारी बनाउन कर्जा प्रवाह गर्ने गरी बैंक तथा वित्तीय संस्थाहरु सँगको सहकार्यमा उद्यमशीलतालाई प्रवर्द्धन गर्न यस आवमा थप एक करोड विनियोजन गरेको छ ।

**संस्कृति तथा पर्यटन**

- आन्तरिक पर्यटन प्रवर्धन गरी आफ्नो गाउँको चालचलन, भाषा संस्कृती, भेषभूषा, रहनसहन बुझ्ने माध्यम बनाइ रोजगारी तथा पर्यटन प्रवर्द्धन गर्न १ करोड ३० लाख विनियोजन गरेको छ।
- नीलकण्ठ नगरपालिकाको पहिचानको रुपमा रहेको नीलकण्ठेश्वर महादेवको मुर्ति निर्माण सम्पन्न गर्न रु १ करोड विनियोजन गरेको छ ।
- नीलकण्ठ नगरपालिकाको भाषा कला संस्कृति एवं प्राज्ञिक क्षेत्रको प्रवर्धन विकासका लागि स्थापित नीलकण्ठ प्रज्ञा प्रतिष्ठान स्थापना गरिने छ । जसका लागि रु २० लाख विनियोजन गरेको छ ।

**सहकारी**

- आर्थिक विकासको तीन खम्बे नीति मध्ये एक खम्बाको रुपमा रहेको सहकारी मार्फत महिला तथा सिमान्तकृत एवं पिछडिएका वर्गहरूको उद्यमशिलता प्रदान गरी जिविकोपार्जनमा सहजिकरण गर्न तथा सहकारीको प्रवर्धन गरी सफ्टवेयरमा आधारित लेखा प्रणाली राख्ने व्यवस्था गरिने छ । समग्रमा सहकारी विकास कार्यक्रम अगाडि बढाउन रु ३० लाख विनियोजन गरेको छ।

**सामाजिक विकास**

सामाजिक विकासमा आगामी आ व मा रु ५२ करोड ४६ लाख विनियोजन गरेको छ जसको क्षेत्रगत विनियोजन तपशील अनुसार रहेको छ ।

**स्वास्थ्य**

- स्वास्थ्य जस्तो नागरिक जिवनको अति संवेदनशील क्षेत्रलाई विशेष ध्यान पुर्याइएको छ, जसका लागि स्वास्थ्य क्षेत्रमा रु ७ करोड ६४ विनियोजन गरेको छ ।आधारभूत एवम् गुणस्तरीय स्वास्थ्य सेवामा नगरवासीको पहुँचलाई अभिवृद्धि गर्न सञ्चालनमा रहेको शहरी स्वास्थ्य क्लिनिक तथा आधारभुत स्वास्थ्य केन्द्रको सुदृढीकरण गरिने छ ।नीलकण्ठ ५ मा रहेको देउराली खोप केन्द्र लाई स्तरोन्नती गरी शहरि स्वास्थ्य क्लिनिकको रुपमा विकास गरिने छ । स्वास्थ्य संस्थाहरुमा औषधिजन्य सामान भन्डारण गर्ने व्यवस्था मिलाइएको छ। स्वच्छ र स्वस्थ मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रमहरुलाइ निरन्तरता दिएको छ ।
- स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाइने छ । वैकल्पिक उपचार पद्धतिको विकासको लागि समेत बजेट विनियोजन गरेको छ। नगरबासी जनताको प्रेसर ,सुगर , ब्लड ग्रुप छुट्याउने ,होलबडी चेक अप जस्ता स्किनिङ कार्यक्रमहरु संचालन गरिने छ ।जेष्ठ नागरिकलाई घरदैलोमा स्वास्थ्य सेवा पुर्याउने कार्यक्रम संचालन गरिने छ ।स्वास्थ्य स्वयं सेविकाहरुलाइ प्रोत्साहन भत्ता बापत मासिक रु १०००।- का दरले दिने व्यवस्थालाइ निरन्तरता दिएको छ ।जसको लागि आवश्यक रकम विनियोजन गरेको छ । सरसफाइ उपचार तथा सन्देशमुलक

**शिक्षा**

- सामुदायिक तथा संस्थागत विद्यालयमा रहेका विद्यार्थीको शैक्षिक अवस्थालाई सुधार गर्न शिक्षा क्षेत्रको समग्र विकासका लागि संघीय सरकारबाट प्राप्त कार्यक्रम प्रदेश सरकारबाट प्राप्त कार्यक्रम साथै नगरपालिकाबाट थप ५ करोड ५० लाख समेत कुल ३९ करोड ४३ लाख विनियोजन गरेको छ। नगर शिक्षा योजनालाई क्रमश कार्यान्वयन गर्दै नगरपालिका भित्र दक्ष प्राविधिक जनशक्ति उत्पादनलाई प्रमुख लक्ष्य लिइनेछ ।जस अन्तरगत आगामी आ व मा नगरपालिकामा बहुप्राविधिक शिक्षालय स्थापना गर्न १ करोड ५० लाख विनियोजन गरेको छ
- सामुदायिक शिक्षामा गुणस्तरता कायम गर्न आम शिक्षक ,अभिभावक तथा विद्यार्थीलाई थप जिम्मेवार बनाइन विद्यालय अनुगमनलाइ चुस्त बनाइने छ ।बालविकास केन्द्रमा अध्यापन गराउने सहजकर्ताहरुका लागि पारीश्रमिक मासिक रु १५००० दिने व्यवस्था मिलाएको छ । विद्यालयमा कार्यरत लेखा सहायक, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगीलाइ नगर पालिका बाट थप अनुदान दिने व्यवस्था मिलाएको छ ।न्युन दरवन्दि कायम भएका विद्यालयमा शिक्षक अनुदान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। दलित तथा विपन्न बालबालिकाहरुको उच्च शिक्षा अध्यनका लागि छात्रवृत्ति प्रदान गर्न २५ लाख विनियोजन गरेको छ ।

- बेरोजगार महिला तथा युवाहरुलाइ विभिन्न प्राविधिक सिपमुलक तालिम संचालन गरी स्वरोजगार तथा रोजगारीको सृजना गर्न बहु उद्धेश्यीय तालिम केन्द्र तथा सुविधा सम्पन्न पुस्तकालयको रुपमा स्थापना गर्न निलकण्ठ सामुदायिक सिकाइ केन्द्रको भवन निर्माण कार्यका लागि रु २० लाख विनियोजन गरेको छ।

**युवा तथा खेलकुद**

- समृद्ध नीलकण्ठ निर्माणका लागि युवाको हिस्सेदारी  भन्ने नाराका साथ नगरपालिकाको विकास निर्माणका लागि युवा स्वयं सेवी अभियान संचालन गरिने छ। युवाहरुलाई सामुदायिक सेवा सार्वजनिक हित र देशभक्तको भावना सहित अनुशासित एवं नैतिकवान नागरिक बनाउने विविध कार्यक्रम संचालन गरिने छ। खेलकुद मार्फत खेल प्रतिभा विकास गर्न राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप खेलकुद एवं खेल सामाग्री सहयोग कार्यक्रम समेतका लागि रु २५ लाख विनियोजन गरेको छ ।

**खानेपानी तथा सरसफाइ**

- नगरपालिका भित्रका जनताहरुलाई स्वच्छ पिउने पानी उपलब्ध गराउन जोड गरिने छ। सर्भिस फर पिस संगको लागत साझेदारीमा कार्यक्रम संचालन गर्न साझेदारी कोषमा रकम विनियोजन गरेको छु ।संघ सरकार तथा प्रदेश सरकारहरुबाट प्राप्त बजेट तथा नगरपालिकाको स्रोत तथा दातृ निकाय संगको साझेदारीबाट खानेपानीको बृहत आयोजना सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । लिफ्ट खानेपानी कार्यक्रमका लागि विद्युत महशुलमा ७० प्रतिशत अनुदान दिने व्यवस्था मिलाएको छु ।जसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- सामाजिक विभेदको कारण आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग, लिंग ,समुदाय लगायत लक्षित वर्गलाइ मूलप्रवाहीकरण गर्न समतामूलक कार्यक्रमहरु संचालन गरिनेछ। नीलकण्ठ नगरपालिका हाम्रो नगरपालिका भन्ने भावना जगाइ मूलधारमा समावेश गर्नुपर्ने वर्गको उत्थानका लागि वडा तहबाट संचालन हुने गरी रु ५६ लाख विनियोजन गरेको छु ।
- बाबुआमा विहिन बालबालिका संरक्षण अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु ।महिलाहरुको उद्यमशीलता एवं आयआर्जन , सिप विकास तथा नेतृत्व विकासमा जोड दिइनेछ जसका लागि विविध कार्यक्रम संचालन गरिने छ। दलित समुदायको उत्थान कार्यक्रमका लागि रु २६ लाख विनियोजन गरेको छु ।
- विद्यालय तहका बालबालिकाको प्रजनन स्वास्थ्य विशेषगरी बालबालिका हरुलाई महिनावारी हुँदा विद्यालय छाड्नुपर्ने जस्ता कारण शैक्षिक रुपमा पछाडी परिरहेको अवस्था निराकरणका लागि आवश्यक बजेट प्रस्तुत गरेको छु बालबालिकालाई विपद् तथा हिंसाबाट जोगाउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ। जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।जसका लागि २४ लाख विनियोजन गरेको छु ।विपन्न नागरिकको मृत्युसंस्कारमा सहायता कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**पूर्वाधार विकास**

- जनताको जिवन स्तरसंग प्रत्यक्ष सम्बन्ध राख्ने तथा विकास निर्माणको आधारशिलाको रुपमा रहेको सडक पूर्वाधारको विकासमा जोड दिंदै आगामी ५ वर्ष भित्र सबं वडा कार्यालयहरु सम्म कालोपत्रे सडक पुर्याउने प्रमुख लक्ष्य अन्तरगत पुर्वाधार तर्फ कुल रु ३० करोड ३७ लाख विनियोजन गरेको छु ।
- वर्षा समाप्त भएपश्चात सम्पूर्ण सडकहरूको नियमित मर्मत सम्भार  साथै अन्य सार्वजनिक निर्माण को मर्मत सम्भार गर्ने व्यवस्थाका लागि मर्मतसंभार कोष खडा गरेको छु ।सो कोषमा प्रारम्भमा रु एक करोड ६० लाख विनियोजन गरेको छु ।
- नगरपालिकाको सौन्दर्य सम्पुर्ण  जिल्लाको नै सौन्दर्य रहेको  कारण जिल्लाको चिनारी बृद्धि गर्नको लागि सदरमुकाम  क्षेत्रको थोपल खोलाको किनारमा करिडोर निर्माणका लागि रु एक करोड विनियोजन गरेको छु ।नगरको समग्र कार्यसम्पादनलाई प्रविधिमैत्री बनाउन नवप्रवर्धनात्मक साझेदारी कोष मार्फत २ करोड १५ लाख विनियोजन गरेको छु । नगर गौरव योजनामा रहेको नगर चक्रपथ निर्माण स्तरोन्नती तथा सुदृढीकरण कार्यक्रमका लागि क्रमागत योजनाको रुपमा यस आ व मा रु एक करोड विनियोजन गरेको छु। धादिङबेशी खाल्टे सडक अन्तरगत भुल्भुले खण्डमा रहेको अरुण खोलामा पुल निर्माण यसै आ वमा सम्पन्न गर्ने गरी आवश्यक रकम विनियोजन गरेको छु ।
- समग्रमा यस आर्थिक वर्षमा सडक ,पुल भवन तथा सिंचाइका लागि रु २० करोड ९६ लाख र अन्य सरकार तथा संस्थाहरुसँग समपुरक कार्यक्रम सञ्चालन गर्न रु  ४ करोड ६८ लाख कार्यालयको पूर्वाधार २ करोड समेत पूर्वाधार विकास तर्फ २७ करोड ६४ लाख विनियोजन गरेको छु ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

- सर्वसाधारणमा वातावरण सम्वन्धी जनचेतना अभिवृद्धि गर्न जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।नगर क्षेत्रभित्र राष्ट्रिय वनको आधार प्रतिशत मा नगरक्षेत्रको वनक्षेत्र पुर्याउन वृक्षारोपण तथा वन सम्पदाको संरक्षणात्मक कार्यहरु सञ्चालन गरिने छ । वडा स्तरमा रहेका विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइने छ।नेपाल रेडक्रस सोसाइटी, धादिङ सोसियल भोल्युन्टियर लगायतका विभिन्न संघसंस्थाहरुसँग सहकार्यलाइ समन्वयात्मक बनाइनेछ ।जलउत्पन्न प्रकोप उद्धार भु तथा जलाधार संरक्षण कार्यक्रम संचालनका लागि ३५ लाख विनियोजन गरेको छु। विपद्जन्य घटना न्युनिकरण लगायत विभिन्न विपद् प्रतिकार्यका लागि रु ९० लाख विनियोजन गरेको छु। समग्रमा यस क्षेत्रको लागि १ करोड ४५ लाख विनियोजन गरेको छु ।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

- स्थानीय सरकार को सवलीकरण सुशासन प्रवर्द्धनका विविध विधिहरु को प्रयोग गरी भ्रष्टाचार शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। यस नगरपालिकाबाट हुने बोलपत्रको कार्यलाई अनिवार्य इबिड मार्फत गरिने छ। जनताको प्रत्यक्ष सरोकारसंग सम्वन्ध राख्ने सेवा प्रवाहलाई छिटो छरितो चुस्त दुरुस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न २५ लाख विनियोजन गरेको छु । यस्तै गरी कार्य सम्पादनमा प्रभावकारीता ल्याउन पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता विकाससंग संवन्धित कार्यक्रमका लागि १५ लाख विनियोजन गरेको छु ।
- उपभोक्ता समितिबाट संचालन हुने योजना तथा कार्यक्रमलाइ सहजिकरण गर्न उपभोक्ता अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ। कार्य सम्पन्न पश्चात योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखा परीक्षण अनिवार्य गरिने छ ।
- स्थानीय तहमा लामो समय सेवा गरेका कर्मचारीलाई मनोवल अभिवृद्धि गर्न वृत्ति विकास सम्बन्धी कार्यविधि बनाई लागू गरिनेछ। राजश्व संकलनलाई सूचना प्रविधिको प्रयोग प्रविधि मैत्री बनाइनेछ। नगरपालिकाको स्विकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा संघीय सरकार सरह हुने गरी व्यवस्था मिलाएको छु । कर्मचारीहरुको मनोवल उच्च बनाउन स्पष्ट मापनयोग्य सुचक सहितको कार्यसम्पादनमा आधारित रही अतिरिक्त सेवा र समयको आधारमा स्थानीय सुविधा प्रदान गरिनेछ। आन्तरिक लेखापरीक्षण लाई प्रभावकारी बनाई बेरुजु न्यूनीकरण तथा वेरुजु फछ्र्यौट कार्यलाई प्रभावकारी बनाइनेछ। कार्यालयबाट हुने भ्रमण खर्च विविध खर्चलाई आन्तरिक नियन्त्रण प्रणाली अपनाई नियन्त्रण गरिने छ। जसका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु। व्यावसाय कर बाट उठेको राजश्वको १० प्रतिशत रकम करदाताको क्षमता विकास तथा सामाजिक कार्यमा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**न्यायिक समिति**

- न्यायिक प्रक्रियालाई छिटो र छरितो बनाइनेछ । मेलमिलापकर्ताहरुलाई मेलमिलापको सहज वातावरण बनाउन प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु। न्यायिक समितिको क्षमता विकास तथा सुदृढीकरण कार्यक्रमका लागि २५ लाख विनियोजन गरेको छु ।

**अन्तमा**

चालू आर्थिक वर्ष ०७८ ०७९ मा प्रक्षेपण गरिएको आन्तरिक राजश्व लक्ष्य अनुसार संकलन हुन नसकिएको यथार्थ स्वीकार गर्दै चालू आर्थिक वर्षमा कर तिर्न अनिवार्य र स्वस्फुत कर तिर्न आउने वातावरण सृजनागर्ने कुरामा विशेष ध्यान दिइने छ । चालू आ.व.मा तोकिएको करका दायरामा सामान्य फेर वदल गरिएको र शहर उन्मुखहुँदै गैरहेको ग्रामिण इलाका समेत करको दायरामा ल्याउनु पर्छ भन्ने मान्यताका लागि आगामी आ.व.देखि सामान्य कर लगाउने प्रस्ताव गरेको छु । विगतका कर छुट दिइदै आएका अपाङ्गता र विपदको सिफारिस तथा सर्ने कडा रोगको स्वास्थ्य उपचार सिफारिसमा दिइएको छुट आगामी वर्षमा पनि  निरन्तरता दिईने छ । यसमा एकल महिला र विपन्नताको सिफारिस पनि छुट दिने प्रस्ताव गरेको छु । नगरको सम्रग विकासको लागि नगरवासीहरुको प्रयासबाट मात्र सम्भव रहने भएकोले प्रस्तावित कर समयमै असुल हुने अपेक्षा राखेको छु ।आ.व. २०७८/०७९ मा बुझाउनु पर्ने राजश्व २०७९/०९/३० सम्म बुझाउन सकिने व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष ज्यू,

आजको यस गरीमामय नगर सभामा प्रस्तुत गरिएको नीति कार्यक्रम तथा विनियोजित वजेटबाट नीलकण्ठ नगरपालिकाको भौतिक पूर्वाधार आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु । प्रस्तुत वजेट तथा कायक्रम तर्जुमा गर्न सहयोग पु-याउनु हुने नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू वडाअध्यक्ष लगायतका सम्पूर्ण पदाधिकारी नगर सभाका सदस्य कर्मचारी सञ्चारकर्मी उद्योग वाणिज्य संघ टोल सुधार महासंघ नागरिक समाज लगायत वजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पु-याउनु हुने सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद दिन चाहान्छु ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम र वजेट र सो संग सम्वन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक र सिर्जनात्मक रुपमा छलफल गरी पारित गराई प्रभावकारी कार्यान्वयनमा सबैको सहयोग हुनेछ भन्ने विश्वासका साथ स्वकृतिका लागि नगरसभा सदस्यज्यूहरुमा प्रस्तुत गरेको छु ।

अन्तमा  सहकार्य र सहयोग को लागि धन्यवाद ।

नीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, धादिंग

विनियोजन विधेयक

नीलकण्ठ नगरपालिका, धादिंग को आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति :

प्रस्तावना : नीलकण्ठ नगरपालिका, धादिंग २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम नीलकण्ठ नगरपालिका, धादिंगको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस ऐनको नाम "नीलकण्ठ नगरपालिका, धादिंगको विनियोजन ऐन, " रहेको छ । २) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : १)आर्थिक वर्ष २०७९/८०को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १२२९१२३००० (अक्षेरुपी रुपैयाँ एक अर्ब बाइस करोड एकानब्बे लाख तेइस हजार मात्र. ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . विनियोजन : १) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त नीलकण्ठ नगरपालिका, धादिंगको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । २) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । ३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

आर्थिक वर्ष : २०७८/७९

रकम रु. हजारमा

| सि.नं. | शीर्षक | नगरपालिका बाट विनियोजन | वित्तीय हस्तान्तरणका कार्यक्रम | जम्मा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६५७०० | १६९०० | ८२६०० |
| १ | सहकारी | ३००० | ० | ३००० |
| २ | पर्यटन | ११००० | १००० | १२००० |
| ३ | लघु उद्यम | १०००० | ३००० | १३००० |
| ४ | कृषि | ३०००० | १०९०० | ४०९०० |
| ५ | पशु सेवा (वीमा समेत) | १०००० | २००० | १२००० |
| ६ | उद्योग बाणिज्य | १७०० | | १७०० |
| २ | सामाजिक विकास | ११०५०० | ४१४१०० | ५२४६०० |
| १ | लक्षित समुह कार्यक्रम | ४६०० | ० | ४६०० |
| २ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ५००० | ० | ५००० |
| ३ | सञ्चार क्षेत्र प्रवर्द्धन | १५०० | ० | १५०० |
| ४ | संस्कृति प्रवर्द्धन | २००० | ८०० | २८०० |
| ५ | स्वास्थ्य | ३२६०० | ४३८०० | ७६४०० |
| ६ | खानेपानी तथा सरसफाई | | १९२०० | १९२०० |
| ७ | अन्य सामाजिक सहायता | ५००० | ० | ५००० |
| ८ | शिक्षा | ५५००० | ३३९३०० | ३९४३०० |
| ९ | बाल मैत्री नगर | १५०० | ० | १५०० |
| १० | युवा तथा खेलकुद | २३०० | १०० | २४०० |
| ११ | सामाजिक सुरक्षा | | १०९०० | १०९०० |
| ३ | पुर्वाधार विकास | ३३३९७९ | ९७१७२ | ४३११५१ |
| १ | समपुरक कोष | ४६८७२ | ४६८७२ | ९३७४४ |
| २ | कभर्डहल पुर्वाधार | | १७००० | १७००० |
| ३ | पार्क निर्माण | | ७५०० | ७५०० |
| ४ | पुल पुलेसा | | ३००० | ३००० |
| ५ | सिसिटिभि | १५०० | ० | १५०० |
| ६ | कोरिडोर निर्माण | १०००० | ० | १०००० |
| ७ | सुचना प्रविधि | २५०० | ० | २५०० |
| ८ | उर्जा | | ८०० | ८०० |
| ९ | मर्मत संभार कोष | १६००० | ० | १६००० |
| १० | अन्य सावृजनिक निर्माण | १९२००७ | ० | १९२००७ |
| ११ | सडक | | २२००० | २२००० |
| १२ | चक्रपथ समेत | १०००० | ० | १०००० |

| | | | | |
|---|---|---|---|---|
| १३ | कार्यालय पुर्वाधार | २०००० | ० | २०००० |
| १४ | IPF सहलागानि | ६५०० | ० | ६५०० |
| १५ | सडक बोर्ड आ व 2078/079 को दायित्व | १२१०० | ० | १२१०० |
| १६ | धादिङ खाल्टे सडक अन्तरगत तिन दोभानेमा कल्भर्ट निर्माण | २००० | ० | २००० |
| १७ | अर्बुङ खोला पुल | १४५०० | ० | १४५०० |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | १७५०० | ० | १७५०० |
| १ | विपद व्यवस्थापन कोष | ५००० | ० | ५००० |
| २ | विपद व्यवस्थापन कोष समपुरक | १००० | ० | १००० |
| ३ | वातावरण तथा विपद् कार्यक्रम | ३००० | | ३००० |
| ४ | भु तथा जलाधार संरक्षण | ३५०० | | ३५०० |
| ५ | वारुण यन्त्र सञ्चालन | १००० | | १००० |
| ६ | लिफ्ट खानेपाली सहायता | ३००० | ० | ३००० |
| ७ | वन तथा वातावरण | १००० | | १००० |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | १६१३४२ | ११९३० | १७३२७२ |
| १ | कार्यालय सञ्चालन | १४९६४२ | ११९३० | १६१५७२ |
| २ | संस्थागत क्षमता विकास तथा सुशासन प्रवर्द्धन | २५०० | | २५०० |
| ३ | अध्ययन अवलोकन भ्रमण | २५०० | | २५०० |
| ४ | मानव संसाधन विकास | १५०० | | १५०० |
| ५ | सार्वजनिक सुनुवाई | ३०० | | ३०० |
| ६ | लेखा तथा राजश्व व्यवस्थापन | ६०० | | ६०० |
| ७ | सामाजिक परिक्षण/सचेतना अभिबृद्धी | ३०० | | ३०० |
| ८ | लेखा परीक्षण तथा बेरुजु न्युनिकरण | ३०० | | ३०० |
| ९ | उपभोक्ता समिति अभिमुखिकरण | ७०० | | ७०० |
| १० | वित्तीय अनुशासन तथा जोखिम न्यूनीकरण | ५०० | | ५०० |
| ११ | न्यायिक समिति | २५०० | | २५०० |